**Voice : A Biannual & Bilingual Journal**
*2023 August, Vol : 15, No. 1, pp.131-142*

# विद्यालय तहको पाठ्यक्रममा शान्तिशिक्षा

विष्णुबहादुर के.सी.[1]

Article History: Received: June 1, 2023 Reviewed : July 9, 2023 Accepted: August 3, 2023

**लेखसार**

शान्तिशिक्षा सम्बन्धि स्पष्ट राष्ट्रिय शिक्षाका उद्देश्य र तहगत उद्देश्यहरू रहेका छैनन् । शान्तिसंग सम्बन्धित पक्षहरू सामाजिक अध्ययन, नेपाली, विज्ञान, स्वास्थ्य र शारीरिक, सिर्जनात्मक र नैतिक शिक्षामा रहेका छन् । यी विषयहरूमा सामाजिकता, मानवीय मूल्य, आस्था सेवाभाव, प्रजातात्रिक, लोकतन्त्र, सद्भाव, सहयोग, चरित्र, नैतिकता, एकता, मैत्री, सहिष्णुता, विश्ववन्धुत्व र मानवअधिकार मुख्य रूपमा रहेका छन् । बौद्धशिक्षा अन्तर्गत परियत्ति शिक्षामा ध्यान, शील, प्रज्ञा, सेवा, मैत्री, भावाना, समभाव, आर्य आष्टाङ्गिक मार्ग, पञ्चशिल, पुण्य काम, सकारात्मक सोच, कर्तव्यबोध, सफल जीवनका सुत्रहरू, शान्त र असल पक्षहरू रहेका छन । विद्यालय तहको शिक्षामा, शिक्षाका राष्ट्रिय उद्देश्यहरू र तहगत उद्देश्यहरूमा राखेका शान्तिशिक्षाका पक्षहरूको अपेक्षित विद्यार्थीहरूमा व्यवहार एंव ज्ञान, सीप र धारणा विकास गर्न बौद्धदर्शनका शान्तिशिक्षाको महत्वपूर्ण पक्षहरू विद्यालयको पाठ्यक्रममा समावेश गर्नु पर्दछ । विशेष गरी ध्यान, पञ्चशिलका पक्षहरु र आर्य अष्टाङ्गिक मार्ग र मैत्री, करुणा, मुदिना र उपेक्षालाइ शान्तिशिक्षामा समावेश गराउनु पर्दछ । शान्तिशिक्षामा आस्था, सहिष्णुता, श्रद्धा, प्रेम, रचनात्मक सोच, सकारात्मक सोच, अनुशासन, मानवता, सामाजिक न्याय र वातावरण सचेतनाका विषयवस्तु प्रत्यक्ष स्पष्ट रूपमा पाठ्यक्रममा समावेश गर्नुपर्दछ । विद्यालय शिक्षाको पाठ्यक्रम र पाठ् यपुस्तकमा शान्तिका पक्षहरू, आन्तरिक रूपमा शान्तिको अनुभूती गर्ने बौद्धदर्शन समेटी एउटा कोर विषय बनाउनु पर्दछ । नेपाली र नैतिक शिक्षा विषयमा बौद्ध साहित्यका जातक कथाहरु समाबेश गर्नु पर्दछ । समग्रतामा मानवता विकास गराउन महत्वपूर्ण शान्तिशिक्षाको आधार नै बौद्धदर्शन हो । विद्यार्थीहरुमा शान्तिप्रीय व्यक्तित्व विकास गर्न र समाजमा शान्ति स्थापना गर्न विद्यालय शिक्षामा शान्तिशिक्षाको व्यवस्था गर्नु पर्दछ ।

विशिष्ट शब्दावली: शान्तिशिक्षा, बौद्धशिक्षा, मानवता, बौद्धदर्शन, मैत्री, करुणा, मुदिता, उपेक्षा, ध्यान, पञ्चशिल, आर्य अष्टाङ्गिक मार्ग

[1]उपप्राध्यापक, त्रिभुवन विश्वविद्यालय, महेन्द्र बहुमुखी क्याम्पस, नेपालगन्ज
इमेल : bkc81435@gmail.com

ISSN : 2091-2161
©The Author(s)

Published by Autar Dei Chaudharain Research Centre (ADCRC), Mahendra Multiple Campus, Nepalgunj, Banke

The open access article is distributed under a Creative Common Attribution (CC BY-NC 4.0) licence.

## पृष्ठभूमि

वर्तमान अवस्थामा शान्तिशिक्षाको आवस्यकता एवं महत्व रहेको छ । विश्वमा द्वन्द्वहरु भैरहेका छन् । विज्ञान र प्रविधिको विकासले मानव जीवनको जीवन शैलीमा परिवर्तन ल्याएको छ। प्राचिन समाजका मूल्य, मान्यता र सामाजिकतामा परिवर्तन ल्याएको छ । शिक्षाका उद्देश्यमा पनि परिवर्तन भैरहेको छ । शिक्षामा बैकल्पिक सोच चिन्तनको विकास भएको छ। समाजमा व्यक्तिमा शान्ति स्थाापन गर्न शान्तिशिक्षाको आबस्यकता पर्दछ। बौद्धदर्शनमा शान्तिको अवधारणा धम्मपद (२०२),(८६) (९६) (३७८)मा व्यक्तिले मन चिन्ने र अनुशरण गर्नेबाट हुन्छ भनेर व्याख्या गरिएको छ । धम्मपदमा (३), (४), (५)मा शान्ति वैर र अवैरसंग जोडिएको छ ।यो एक व्यक्ति र अर्कोसंगको अन्तर क्रियामा हुने अशान्ति र शान्ति प्राप्त गर्न हुनुपर्ने अवस्था बारे व्याख्या गरिएको छ । धम्मपदमा (१३, १५ र १६) मा शान्ति र अशान्तिका आधारहरु उल्लेख गरिएको छ ।  अशान्तिका कारण र निवारण बारे बौद्धदर्शनमा दुःख र दुःख निवारणको उल्लेखित  छ,  जसमा क्लेश (राग, द्वेष र मोह रहित) अवस्था नै परम् शान्ति हो,मन नियन्त्रण शान्ति अनुभुति हो र परम् शान्ति नै निर्वाण हो भनेर शान्तिको गहिरो विस्लेशण गरिएको छ, जसलाइ शान्तिशिक्षाको मुख्य आधारकारुपमा लिइएको छ। गोपीनाथ शर्मा, नेपालका शिक्षाका आयोगहरुका प्रतिवेदनहरु २००५ पुस्तकमा प्रजातन्त्रपछि नेपालको शिक्षा विकास प्रक्रिया क्रमिक रूपमा अगाडि बढेको पाइन्छ। विशेष गरी २००७ सालपछि शिक्षा विकासको योजनाबद्ध रूपमा अगाडि बढेको शैक्षिक इतिहास पाइन्छ । विशेष गरी शिक्षाका योजनाहरूले राखेका शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत उद्देश्य र विषयहरू र पूर्णाङ्कहरूको व्यवस्था गरिएको थियो ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०६३ अनुसार शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत उद्देश्यहरू र शिक्षण गर्नविषयहरू पूर्णाङ्क निर्धारण गरिएको छ । विद्यालयलाई आधारभूत तह (कक्षा १-८ सम्म) माध्यमिक तह (९ देखि १२ कक्षा) को संरचना बनाइएको छ । यस प्रारुपलका अनुसार राष्ट्रिय उद्देश्यको व्यवस्था गरेको छ ।
प्रस्तुत प्रतिवेदन अनुसार शिक्षाको संरचनालाई आधारभूत तह (कक्षा १-८) र माध्यमिक तह (कक्षा ९-१२) बनाइएको छ । जसमा आधारभूत तहमा अन्तर्निहित प्रतिभाको विकास गर्ने, राष्ट्र, लोकतन्त्र, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत र जिम्मेवार नागरिक उत्पादन गर्ने उद्देश्य राखिएको छ । विशेषगरी स्वावलम्बी, नैतिकवान, परिश्रमी, इमान्दारी, अनुशासन, सामाजिक, शिष्टाचार, सहयोगीपन, सिर्जनात्मक, नागरिक चेतना, सकारात्मक सोच र श्रमप्रति सम्मान गर्ने भावनाको विकास गर्ने उद्देश्य राखिएको छ ।

प्रस्तुत सन्दर्भलाई विश्लेषण गर्दा शिक्षाले असल संस्कारको नागरिक विकास गर्नुपर्दछ। शिक्षा जान्न, बन्न र सँगै बस्न अनि बाँच्न मद्दत गर्नुपर्दछ । आदि पक्षलाई जोड दिइएको छ । शिक्षा इमान्दारी, मितव्ययिता, माया तथा सद्भाव, शिष्टता, बालबालिका, महिला तथा अपांगप्रति विशेष सद्भाव जस्ता पक्ष पाठ्यक्रममा राख्नुपर्नेमा जोड दिइएको छ। विशेषगरी नेपाली मूल्य मान्यतामा आधारित पाठ्यक्रम निर्माण , शान्ति, सहिष्णुता असल चरित्र र विकासजस्ता मूल्यमा आधारित पाठ्यक्रममा जोड दिएको छ ।

## अध्ययनको उद्देश्य

(१) विद्यालय पाठ्यक्रममा शान्ति सम्बन्धी पक्षहरूको  पत्ता लगाउनु ।

(२) विद्यालय पाठ्यक्रममा शान्तिशिक्षा र विषयहरूको अन्तर सम्बन्ध खोज गर्नु

## पूर्वसाहित्यको पुनरावलोकन

D. Hendrickson(ed.), Safeguarding Peace: Cambodia's Constitutional Challenge, 1998 लेखमा बुद्ध आफैले शान्ति निमार्णको दृष्टिको व्याख्या गर्नु भएको छ, जसमा अन्तिम लक्ष्यको रुपमा सामाजिक परिवर्तनको व्यापक प्रक्रियाको परिकल्पना गर्नु भएको छ । यसको लागि आन्तरिक शान्ति खोज नै शुरुवातको विन्दु हो भनेर व्याख्या गरिएको छ । बुद्धले सिकाउनु भएको हिंसा नगर्ने, झुटो नबोल्ने, चोरी नगर्ने, मादक पदार्थ नगर्ने र कुविचार नगर्ने यी पाँच उद्देश्यहरुको कडा पालनको प्रक्रिया शान्ति प्राप्त गर्न सकिन्छ । लोभ, घृणा र मोहबाट विस्तारै मुक्त हुँदै जाँदा ठूलो आध्यामिकता प्राप्त हुन्छ । बौद्ध धर्मले व्यक्तिगत परिवर्तनलाई सामाजिक परिवर्तनसँग जोड्दछ, जुन शान्तिपूर्व हृदयले शान्तिपूर्व व्यक्ति, शान्तिप्रीय परिवार, शान्तिप्रीय समुदाय, शान्तिप्रीय राष्ट्र र शान्तिप्रीय विश्व बनाउन सकिन्छ भनेर व्याख्या गरिएको छ ।

Rakesh Saksana, Buddhism and It's Message of Peace, 2015 लेखमा अष्टाङ्गमार्ग नै दु:खको जीवनका आठ पक्षहरुलाई रुपरेखा दिन्छ। प्रत्येक पक्षले अरुलाई बलियो बनाउदछ र हाम्रो ध्यान, नैतिक व्यवहार र जीवनको बुद्धिमान समक्षलाई उच्च पार्ने बौद्धिक प्रभाव सिर्जना गर्दछ, जसबाट शान्तिको सिर्जना हुन्छ भनेर व्याख्या गरिएको छ। Juichiro Tanabe, Buddhism and Peace Theory: Exploring a Buddhist Inner Peace, 2016 लेखमा बुद्ध धर्मको मुख्य उद्देश्य मानब मन कसरी दु:खको कारक बन्छ भनेर जाँच्नु हो । मानव मनले आन्तरिक शान्तिको कसरी विकास गर्न सकिन्छ भनेर अन्वेषण गर्दछ । अन्तर निर्मल वास्तविकताको अन्तरक्रियात्मक, बुझाई, दयालु मष्तिस्क बाट आन्तरिक शान्ति हुन्छ । आन्तरिक शान्ति भनेको आफुमा खुशी र अरुलाई पनि कल्याणकारी भावनाको जागृत गर्नु हो । यसले स्वतन्त्रता, न्याय र समानताको प्रवर्द्धन गर्दछ भनेर व्याख्या गरिएको छ Netra P. Sharma, Journal of International Affairs, 2020 लेखमा शान्तिलाई हिंसाको अनुपस्थितिको रुपमा बुझ्न एक सिमित दृष्टिकोण हो । शान्तिले जिवित प्राणी बिचको आनन्द र सद्भावलाई समेट्छ । व्यापक बुझाइमा शान्ति प्रत्येक संवेदनशील प्राणीको प्रकृति र लक्ष्य छ । शान्ति हुनु भनेको आफु र हरेक प्राणीको मित्रतामा बाँच्नु हो । बौद्ध धर्मले शान्तिलाई मानसिक शान्तिको आन्तरिक यथार्थको रुपमा परिकल्पना गर्दछ, जुन बाहिरी रुपमा फैलिन्छ। बुद्धले ध्यानको अभ्यासबाट आन्तरिक शान्ति प्राप्त गर्नु भयो, जसले विश्व शान्तिको लागि प्रेरित गर्ने काम गर्‍यो । बुद्धले विपश्यनाको अभ्यासले मानसिक कुरालाई जोड दिइएको छ । आन्तरिक शान्ति बाहिरी रुपमा परिवार, साथीहरु र ठूलो समाजतिर विकास भै शान्ति स्थापना गर्ने कार्य गर्दछ। आन्तरिक शान्तिबाट विश्वशान्ति प्राप्त गर्न सकिन्छ भनेर विश्लेसन गरिएको छ ।

कविरकुमार ब्रर्जाचार्य (अनु) सुत्तनिपात, २०७० मा शान्ति सम्बन्धी व्याख्या गरिएको छ । जसले उत्पन्न भएको पापलाई काटेपछि फेरि त्यसलाई उम्रीत नदिनु र उत्पन्न भएमा बढ्न नदिनुमा जोड दिन्छ यस्तो एकान्त चारीलाई मुनि भन्दछ । त्यस किसिमको महर्षिले शान्तिपद (निमार्ण) लाई देखेको हुन्छ । शान्तिपद नै निमार्ण हो, त्यसको लागि पाप उत्पन्न हुन नदिएर उत्पन्न भएकालाई पनि बढ्न नदिनेमा जोड दिन्छ । विद्यालय शिक्षामा विद्यार्थीहरुमा पापयुक्त सोच व्यवहार निर्माण गर्न यो सन्दर्भ महत्वपूर्ण रहेको छ । शिक्षाले शान्तिशिक्षालाई व्यवहारिक बनाउन मद्दत गर्दछ ।

सुत्तनिपातको मेत्तसुत्रमा पृ. ४६ मा सबै प्राणीहरुप्रति मैत्री भावना राख्नुलाई ब्रम्हविहार भन्दछन् । शान्तिपद प्राप्तिको इच्छा भएमा कल्याण साधनामा निपुण मनुष्यले इच्छा हुने भोग्य वस्तु प्राप्त गर्न ऋज (सीधा) अत्यन्त ऋजु बन्नुपर्दछ) ॥१८॥ शान्ति प्राप्त गर्नेले सन्तोषी सहज पोष्य (पाल्न सजिलो )अल्पकृत्य (नहाहिदो कुरा नगर्ने)साधारण जीवन बिताउने हुनुपर्छ। उसका इन्द्रियहरु शान्त भएको हुनु पर्दछ चतुर अपुगगल्म-घमण्डी नहुने) गंभिर हुनु पर्दछ। फेरी कुलमा अनुशाासन भएको हुनुपर्दछ भनेर उल्लेख गरिएको छ ।

(पूर्ववत, ऐ.) सुत्तपिटकको समिययुक्त पृ १६६ मा समिय परिब्राजक कुन कुरा प्राप्त भएकालाई भिक्षु भन्दछन्। शान्त र दान्त के लाई भन्दछन् ? बुद्ध कसलाई भन्दछन् ? भगवान मेरा यी सोधिएका प्रश्नहरुको उत्तर दिनुहोस ॥४॥

भगवान बुद्ध जसले स्वयं आफुलाई निर्मित गरेको मार्गमा चालेर संसारहित भई परिनिर्माण प्राप्त गरिसके को छ, जसले जन्म मृत्युलाई छोडिसकेको छ, जसले ब्रम्हचार्यलाई पूर्णगरिसकेको छ र जसको पुनजन्म क्षिण भयो, त्यो भिक्षु हो ॥५॥

उत्तम पुरुष दृष्टिहरुबाट अलगभई विचरण गर्छ फेरी त्यसैमा नै विचरण गर्छ। जसप्रकार जलमा कटकमय (काँडा भएको) कमल जल र हिलोमा अलिप्त हुन्छ त्यसैप्रकार शान्तिवादी तृष्णा रहित मुनि काम भोगहरु र संसार लिप्त हुँदैन ॥११॥ भनेर उल्लेख गरिएको छ । तृष्णा रहित शान्तिवादी सम्बन्धि विचार व्यक्त गरिएको छ । यो शान्तिसँग सम्बन्धित रहेको छ ।

सब्बेव ते निन्दम वा नयन्ति, अथो पसंसु पि लभन्ति तन्थं ॥१॥

जो दृष्टिपादमा पर्छ उसले शुद्धि प्राप्त गर्न सक्दैन । सत्यदर्षी दृष्टिवादलाई त्यागगरी शान्त प्राप्त गर्छ । शान्त प्राप्त गर्न दृष्टिवादमा पर्नुँहुदैन भनेर व्याख्या गरिएको छ ।

सुत्तनिपातमा तुवटक सुत्त पृ..२०९ मा शान्तिको बारेमा उल्लेख गरिएको छ ।

पुच्छामि तं आच्चिबन्धु, विवेक शन्तिपदं च महेसि ।

कथं दिस्वा विब्वाति भिक्खु अनपादियानो लोकस्यिं किञ्चि ।

यो सुत्तमा यो देखाइएको छ की शान्ति प्राप्तिको निम्ति भिक्षुले के गर्नुपर्छ ? देवता आदित्यबन्धु । महर्षि । म तपाईसँग विवेक तथा शान्तिपदको विषयमा सोध्छु । त्यसैले दर्शनले संसारमा सबैमा अनासक्त भई भिक्षु कसरी शान्त हुनेछ ? ॥१॥

मूलं पपञ्च संख्याय (इति भगवा) भन्ता अस्मीति सम्वमुपरुन्धे

या काचि तण्डा अन्जत्तं तासं विनया सदा सदा सतो सिक्खे ॥२॥

भगवान बुद्ध सबै प्रपंचहरुको जड अहंकार हो भनी जानी ज्ञानीले जुनसुकै कथनले त्यसलाई अन्त गर । जतिपनि अनुशय चित्तमा तृष्णा छन् त्यसबाट रहित निमित्त सँधै स्मृतिवान भई अभ्यास गर ॥२॥

लिलाजीराम शुक्ल, बुद्धका तीन शिक्षा, २०५४ लेखमा संसारमा जति पनि शान्ति स्थापना गर्न पुरुष आए, त्यसमा प्रमुख भगवान बुद्ध हुन् । आनन्द प्राप्तिको लागि भगवान बुद्धले जुन शिक्षा दिए त्यो पुरानो भएर पनि एकदम नयाँ छ । बुद्धको तीन शिक्षा पहिलो भगवान बुद्धको पहिलो शिक्षा आत्मनिर्भरता हो । दोस्रो जीवनबाट विषमता हटाउने दोस्रो शिक्षा हो । तेस्रो आत्म-वञ्चना नगर्नु तेस्रो शिक्षा हो भनेर व्याख्या गरिएको छ साथै प्रस्तुत लेखमा आफ्नो मनमा स्थिर शत्रुलाई जान यदि आफ्नो कमजोरीलाई स्वीकार गर्छौं भने अवस्य नै त्यसबाट मुक्त हुन्छौं भनेर व्याख्या गरिएको छ ।

देवेन्द्रराज उपाध्याय, बुद्धको उपदेश र वर्तमान विश्व, २०५४ लेखमा धर्मको लक्ष्य सत्यको अन्वेषण हो तथा बुद्ध धर्मको लक्ष्य पनि सत्यको अन्वेषण हो । भगवान बुद्धले शिक्षा दिदैं महापरिनिब्बान सूत्रमा आफ्ना शिष्यलाई अन्तिम उपदेशमा 'स्वयंलाई एक ज्योति बनाऊ । स्यमंमाथि विश्वास गर' उपदेश भनिएको छ । यस उपदेशमा आत्म विश्वास जागृत गर्दछ भनेर विश्लेषण गरिएको छ । आज मानव-संहारका निमित्त परमाणु बमले सुसज्जित हजारौं अन्तर महादेशिय क्षेप्यास्त्रहरु मात्रै छैन, एम.आई.आर.बी. जस्तो एउटै क्षेप्यास्त्रमा बेग्लावेग्लै लक्ष्यलाई ध्वस्त पार्न सक्षम दश भन्दा बढी परमाणु बम राख्ने अन्यन्त विनाशकारी अस्त्रहरु सैकडौं संख्यामा छन् । खरबौ डलर शास्त्रास्त्र उत्पादनमा खर्च गरिरहेका छन् । यो रकम मानव कल्याणमा लगाउन सकियो भने संसारको धैरै हित हुन सक्दछ भनेर बौद्ध धर्ममा सान्दर्भिक बनाएर विश्लेषण गरिएको छ । यदि मनुष्यहरुले चार आर्य सत्य बुझ्रेर भगवान बुद्धद्वारा प्रतिपादित मान्यताहरु ग्रहण गर्न सके भने निश्चय नै वर्तमान मनुष्यमाथि देखापरि राखेको विनाशको बादल हटेर जान सक्ने छ एवम् मनुष्यमा पूर्ण आत्मविश्वास जागृत भई उसले शस्त्रास्त्रको भय र त्रास रहित नैतिक मान्यताहरु माथि आधारित एक नयाँ एवम् भातृत्वपूर्ण समाजको स्थापना गर्न सक्नेछ एवम् सही अर्थमा विश्वशान्ति स्थापित गर्न सक्नेछ भन्नेर विश्लेषण गरिएको छ ।

Netra P. Sharma, From Inner Peace to World Peace, 2020 लेखमा हिंसाको कारण, हिंसालाई रोक्ने र शान्ति अनुभुति गर्ने तरिकाहरु बारे बौद्ध दृष्टिकोणले जाँच गर्दछ । यसले शान्ति स्थापन गर्ने प्रयास र शान्तिको संस्कृतिको प्रबद्धनमा बौद्ध योगदानको सम्भावनाको अन्वेषण गर्दछ । हिंसाको जरा दिमाग भित्र रहेको विकास गर्दै बुद्ध धर्मले भित्रि चिन्तनमा बढी जोड दिएको छ । शान्तिको लागि आन्तरिक शान्ति महत्वपूर्ण हुन्छ भनेर व्याख्या गरिएको छ ।

रोशन दाहाल, गौतम बुद्ध जीवनी, २०१२ पुस्तकमा बुद्धका अनुसार मन र सिद्धान्तहरूको जन्म यसकारण भएको हो किनकि मानिसहरू आफ्नो दृष्टिबोध र भावबोधबाट भड्किएका छन् । सचेतनाको साधनाविना यी दृष्टिबोध र भावबोधहरूको मूल प्रवृत्तिलाई बुझ्न असम्भव छ । ध्यान साधना गर्न र ज्ञान प्राप्त गर्नका लागि हामी पञ्चशीलको पालना गर्छौं । यो पञ्चशील त्यो सिद्धान्त हो, जसले गर्दा हामी शान्ति र आनन्दको बर्दन गर्न सक्छौं । शील पालनाको कारण हाम्रो ध्यान साधनाको शक्ति बढ्छ र हामी चित्तलाई अधिकाधिक ध्यानावस्था एवं सचेतनावस्थामा ल्याउनमा सक्षम हुन्छौं । सचेतनाबाट हाम्रो चित्त र पर्यावरणको साँचो प्रकृति जान्ने हाम्रो क्षमतामा विकास हुन्छ । यस ज्ञानको प्रकाशनबाट प्रज्ञा विकसित हुन्छ ज्ञान भयो भने मात्रै हामीले प्रेम गर्न सक्छौं । जब हामीलाई ज्ञान उपलब्ध हुन्छ तब सब दुःखहरूबाट निस्कन सक्छौं । मुक्तिको साँचो मार्ग प्रज्ञाको मार्ग हो ।

Theresa Yeh Der-Ian, The Way to Peace, 2006 लेखमा बुद्धका आधारभूत शिक्षण पक्षहरूमा जोड दिइएको छ । विशेषगरी संसारमा शान्ति निर्माण र शान्ति कायम गर्नमा सम्बन्धित रहेको छ । हिंसा र द्वन्द्वका कारण सम्बन्धि विश्लेषण गरिएको छ । व्यवहार र कारण अहिंसा, सत्य, मूल्य र करुणा आदिलाई जोड दिँदै शान्ति मार्ग अगाडि बढ्न बौद्ध शिक्षण महत्वपूर्ण भएको उल्लेख गरिएको राष्ट्रिय पाठ्यक्रम प्रारुप, २०६३ अनुसार शिक्षाका राष्ट्रिय उद्देश्य, तहगत उद्देश्यहरू र  शिक्षण गर्ने विषयहरू पूर्णाङ्क निर्धारण गरिएको छ । विद्यालयलाई आधारभूत तह (कक्षा १-८ सम्म) माध्यमिक तह (९ देखि १२ कक्षा) को संरचना बनाइएको छ । यस प्रारुपका अनुसार राष्ट्रिय उद्देश्यको व्यवस्था गरेको छ ।

प्रस्तुत प्रतिवेदन अनुसार शिक्षाको संरचनालाई आधारभूत तह (कक्षा १-८) र माध्यमिक तह (कक्षा ९-१२) बनाइएको छ । जसमा आधारभूत तहमा अन्तर्निहित प्रतिभाको विकास गर्ने, राष्ट्र, लोकतन्त्र, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत र जिम्मेवार नागरिक उत्पादन गर्ने उद्देश्य राखिएको छ । विशेषगरी स्वावलम्बी, नैतिकवान, परिश्रमी, इमान्दारी, अनुशासन, सामाजिक, शिष्टाचार, सहयोगीपन, सिर्जनात्मक, नागरिक चेतना, सकारात्मक सोच र श्रमप्रति सम्मान गर्ने भावनाको विकास गर्ने उद्देश्य राखिएको छ ।

प्रस्तुत  प्रतिवेदन अनुसार शिक्षाले असल संस्कारको नागरिक विकास गर्नुपर्छ । शिक्षाले जान्न, बन्न, गर्न र सँगै बस्न अनि बाँच्न  मद्दत गर्नुपर्दछ । शिक्षाकै माध्यमबाट सामाजिक न्याय, लोकतन्त्र, मानवअधिकार, समता एवम् समानता तथा सहअस्तित्वजस्ता पक्षहरू सबल बन्नुपर्दछ । शिक्षाले शान्ति, सहिष्णुता, सदाचार र रोजगारजस्ता पक्षलाई पनि सम्बोधन गर्नुपर्ने हुन्छ । यो प्रतिवेदनं तयार गर्ने क्रममा सञ्चालित विभिन्न कार्यशालाहरूमा पनि इमान्दारी, मितव्ययिता, माया तथा सद्भाव र  शिष्टता बालबालिका महिला तथा अपांगप्रति विशेष सद्भावजस्ता पक्षलाई पाठ्यक्रमले अपेक्षित रुपमा सम्बोधन गर्न नसकेको कुरा औंल्याइएको थियो । सन्दर्भ सामग्रीहरूको अध्ययन र पाठ्यक्रमको विश्लेषणबाट पनि वर्तमान विद्यालय तहको पाठ्यक्रमले पूर्वीय दर्शनको मान्यता प्रवर्द्धनका लागि उपयोगी पक्षहरू गुमाइसकेको तथा पश्चिमी र आधुनिक मूल्य र मान्यताहरूलाई पनि अपेक्षित रुपमा समावेश गर्न नसकेको कुरा औंल्याएका छन् । अतः प्रारुपले निम्नलिखित विषयलाई सम्बोधन गरी पाठ्यक्रमको स्वरुप र शिक्षणसिकाइ क्रियाकलापजस्ता पक्षलाई सम्बोधन गर्दै ठोस दृष्टिकोण प्रस्तुत गर्नुपर्ने देखिएको छ ।

Hari Singh Chandralal, Buddhism in Nepal, 2004 पुस्तकमा  बौद्ध शिक्षाका मुख्य विशेषता उच्च बौद्धिक उपलब्धि, शारीरिक अभ्यास, नैतिक, आध्यात्मिक, विद्या, प्रेम र सहानुभूति आदिसँग सम्बन्धित छन् । यस दर्शनलाई बुझ्नको लागि उच्च ज्ञान आवश्यक पर्दछ । बुद्धलाई उच्च बौद्धिक एवं चिन्तकका रुपमा लिइन्छ । बौद्ध धर्मलाई मध्यमार्गको रुपमा लिइन्छ । चार सत्य र आर्य आष्टाङ्गिक मार्ग मुख्य पक्षहरू बौद्ध धर्म एवं शिक्षामा रहेका छन् ।

**शोध विधि**

**गुणात्मक ढाँचा**

यस अध्ययनमा गुणात्मक ढाँचा प्रयोग गरिएको थियो । शान्तिशिक्षाका पक्षहरू, विचारहरू, व्यवहारहरू र मूल्य मान्यताहरू छन् । यी पक्षहरू पाठ्यक्रममा, पाठ्यपुस्तकमा विषयवस्तु, उद्देश्यहरूमा शान्तिशिक्षाका अन्तर सम्बन्धित पक्षहरू खोजी गरिएको छ ।

**विद्यालय पाठ्यक्रममा शान्ति सम्बन्धी पक्षहरूको व्यवस्था**

पाठ्यक्रमिक दस्तावेजको अध्ययन गर्दा नेपालमा शिक्षाको विकास प्राचीन समयदेखि भए तापनि व्यवस्थित रुपमा २००७ सालको परिवर्तनपछि मात्र भएको पाइन्छ । नेपाल राष्ट्रिय शिक्षा योजना २०११ ले कक्षा १ देखि ५ प्राथमिक शिक्षा र कक्षा ६ देखि १० माध्यमिक शिक्षा व्यवस्था गरेको थियो । सर्वाङ्गिण राष्ट्रिय शिक्षा समिति २०१८ ले शिक्षामा संरचनामा निरन्तरता दिँदै उद्देश्यहरू परिवर्तन गरेको पाइन्छ । राष्ट्रिय शिक्षा पद्धतिको योजना गठन पछि शिक्षाको संरचनामा कक्षा १ देखि ३ प्राथमिक विद्यालय कक्षा ४ देखि ७ सम्म निम्न माध्यमिक विद्यालय कक्षा ८देखि १० सम्म माध्यामिक विद्यालयको विद्यालयको संरचना रहेको थियो । विभिन्न आयोगमा शिक्षाका राष्ट्रिय उद्देश्यहरू निम्न अनुसार राखिएका छन् ।

**राष्ट्रिय शिक्षाका उद्देश्यहरूसँग सम्बन्धित शान्तिशिक्षाका पक्षहरू**

राष्ट्रिय शिक्षा पद्दतिको योजना २०२८ देखि राष्ट्रिय उद्देश्य स्पष्ट रुपमा राखिएको थियो । यस आयोगमा राष्ट्रिय उद्देश्य चारवटा राखिएको थियो । यी उद्देश्यहरूमा शान्तिशिक्षा सम्बन्धी स्पष्ट राखिएको छैन । शान्तिशिक्षासँग सम्बन्धित वस्तुहरू रहेका छन् । उल्लेखित उद्देश्य विश्लेषण गर्दा व्यक्तिमा नैतिक चरित्र, परिश्रम गर्ने, स्वावलम्बी, सिर्जनात्मक, वैज्ञानिक चिन्तन मनन गर्ने, अरुको भावनाको कदर गर्ने बानी साहित्य, कला र विषयवस्तुहरूको विकास गराउने रहेका छन् यी पक्षहरूले व्यक्ति, समाज र देशमा शान्ति स्थापना गर्न महत्वपूर्ण रहेका छन ।

राष्ट्रिय शिक्षा आयोग (२०४९) मा राष्ट्रिय शिक्षाका उद्देश्यहरू सात वटा राखिएको छ । (परिशिष्ट २) उल्लेखित उद्देश्यहरूको शान्तिशिक्षासँग सम्बन्धित पक्षहरूको विश्लेषण गर्दा व्यक्ति विकास, सार्वभौम मानवीय मूल्य, सामाजिक न्याय र स्वस्थ सामाजिक जीवन, सामाजिकरण, सामाजिक, एकता, जीवनयापन, वातावरण, प्राकृतिक सम्पदा, संरक्षण, सदुपयोग र पछि परेकालाई मूल धारमा ल्याउने आदि पक्षहरू शान्तिशिक्षासँग सम्बन्धित रहेका छन् । प्रस्तुत शान्तिसँग सम्बन्धित पक्षहरू सन्दर्भ साहित्यमा उल्लेखि बौद्धदर्शनका प्रत्यक्षरुपमा सम्वन्धित छैनन । पश्चिमेली शान्तिशिक्षाका पक्षहरुसंग सम्वन्धित रहेका छन ।

उच्च स्तरीय राष्ट्रिय शिक्षा समिति (२०५५) ले राखेको शिक्षाका उद्देश्य दशवटा रहेका छन् । (परिशिष्ट ३) उल्लेखित शिक्षाका राष्ट्रिय उद्देश्यहरूलाई शान्तिशिक्षासँग सम्बन्धित पक्षहरूको विश्लेषण गर्दा जीवन उपयोगी सीप, राष्ट्रिय ऐक्यवद्धता, बहुभाषिक व्यक्तित्व, मानवीय मूल्य, मान्यता, नैतिक चरित्र, श्रमप्रति आस्था, सेवाभाव, सिर्जनात्मक सचेतना, सद्भाव, सहअस्तित्व, प्रजातान्त्रिक, न्यायपूर्ण, शोषणरहित, जीवन दृष्टि, संरक्षण, सम्बर्द्धन, प्राकृतिक वातावरण, श्रमप्रति निष्ठा र मानवअधिकार शान्तिशिक्षासँग सम्बन्धित रहेका छन् । विद्यार्थीहरूमा शान्तिपूर्ण व्यक्ति, समाज र  देशमा नागरिक बनाउनमा यी पक्षहरू रहेका छन् ।

प्रस्तुत शान्तिशिक्षाका पक्षहरू बौद्धदर्शन  दर्शनका पक्षहरूसँग सम्बन्धित रहेर विश्लेशण गरिएको छ् । धम्पपदका शान्तिका पक्षहरुलाइ मुख्य आधार लिएर विश्लेषण गरिएको छ । बौद्धदर्शनका विज्ञको शान्तिशिक्षा सम्बन्धि राखेका विचार उल्लेखित पक्षसँग सम्बन्धित रहेको छ  ।

राष्ट्रिय पाठ्यक्रम प्रारुप (२०६३) मा शिक्षाका राष्ट्रिय उद्देश्य एघार वटा राखिएका छन् । उल्लेखित उद्देश्यहरूलाई शान्तिशिक्षासँग सम्बन्धित पक्षहरूको विश्लेषण गर्दा प्रतिमा, व्यक्तित्वको विकास, सार्वभौम मानवीय मूल्यको विकास, सामाजिक मान्यता, आस्थाको संरक्षण, जीवन पद्दति, चरित्रवान, नैतिकवान, सामाजिकरण, सामाजिक एकता, प्राकृतिक वातावरण, राष्ट्रिय सम्पदाको संरक्षण, समानता, न्याय, समावेशी, मैत्री सद्भाव, सहिष्णुता, विश्वबन्धुत्व भावना, द्वन्द्व व्यवस्थापन, लोकतन्त्र, मानवअधिकार, सम्मान, समालोचनात्मक, रचनात्मक, स्वाभिमानी, कला, सौन्दर्य र आदर्श रहेका छन् । यी महत्वपूर्ण पक्षको विकास गरी असल आदर्श नागरिक तयार गर्ने उद्देश्य रहेका छन् । यी उद्देश्यमा राखिएका विषयवस्तुले व्यक्तिमा समाजमा र राष्ट्रमा नै विकास गर्न महत्वपूर्ण रहेका छन् ।

विभिन्न आयोगहरूमा २०२८ सालदेखि २०७५ सम्मका राष्ट्रिय शिक्षाका उद्देश्यहरूमा शान्तिशिक्षाका पक्षहरूको खोजी गर्दा निम्न शान्तिशिक्षा पक्षहरू रहेको पाइयो ।

**तालिका नं. २**

रा.शि.प.योजना २०२८ का शान्तिसँग सम्बन्धित पक्षहरु

| आयोग/योजना | उद्देश्य सङ्ख्या | शान्तिसँग सम्बन्धित पक्षहरू |
|---|---|---|
| रा.शि.प.यो. २०२८ | ४ | राष्ट्रिय एकता, स्वतन्त्रता, अधिकार कर्तव्यप्रति सजग, नैतिक, चरित्र, स्वावलम्बी, सिर्जनात्मक, असल भावना, विचारको कदर, विश्ववन्धुत्वको भावना |

स्रोत रा.शि.प थो.२०२८

राष्ट्रिय शिक्षा पद्धतीको योजन २०२८ मा राखिएका शिक्षाका राष्ट्रिय उद्देश्यहरुमा शान्तिशिक्षाका पक्षहरु विश्लेषण गर्दा उल्लेखित पक्षहरु रहेको पाइयो  जसमा नैतिक चरित्र रअसल भावाना बौद्ध दर्शनको पञ्चशिलका पक्षसंग सम्वन्धित छ ।

**तालिका नं.३**

राष्ट्रिय शिक्षा आयोग २०४९ को शान्तिसँग सम्बन्धित पक्षहरू

| आयोग | उद्देश्य सङ्ख्या | शान्तिसँग सम्बन्धित पक्षहरू |
|---|---|---|
| राष्ट्रिय शिक्षा आयोग २०४९ | ७ | मानवीय मूल्यको संरक्षण, सामाजिक मान्यता र आस्थाको संरक्षण सामाजिक, सहयोग, समाजिकरण, एकता, मुल धारमा समाहित गर्नु |

स्रोत : रा.शि.यो.२०४९

राष्ट्रिय शिक्षा आयोग २०४९ मा उल्लेखित पक्षहरु पश्चिमेली शान्तिशिक्षाकाअवधारणासंग सम्वन्धित छन ।

**तालिका नं. ४**

उच्च स्तरीय राष्ट्रिय शिक्षा समिति २०५५ को शान्तिसँग सम्बन्धित पक्षहरू

| उच्च स्तरीय राष्ट्रिय शिक्षा समिति २०५५ | उद्देश्य सङ्ख्या १० | शान्तिसँग सम्बन्धित पक्षहरू<br>राष्ट्रिय ऐक्यवद्धता, आस्था, सार्वभौम मूल्य र मान्यताको संरक्षण नैतिक चरित्र, सद्‌गुण, सिर्जनात्मक प्रवृत्ति, सद्‌भाव, प्रजातान्त्रिक, न्यायपूर्ण, शोषण रहित, समुन्नत जीवन दृष्टि, प्राकृतिक सम्पदा र वातावरण संरक्षण, श्रमप्रति निष्ठा, सेवाभाव, र मानवअधिकार |
|---|---|---|

स्रोत : उ.रा.शि .स २०५५

उच्च स्तरीय राष्ट्रिय शिक्षा समिति २०५५मा बौद्ध दर्शनका शान्तिशिक्षासंग सम्वँधित नैतिक चरित्र, सदगुण र सेवाभाव छन ।अन्य पश्चिमेली शान्तिशिक्षासंग सम्वन्धित छन ।

**तालिका नं. ५**

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ को शान्तिसँग सम्बन्धित पक्षहरू

| आयोग | उद्देश्य सङ्ख्या | शान्तिसँग सम्बन्धित पक्षहरू |
|---|---|---|
| राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३ | ११ | सहयोग, मानवीय मूल्य, संस्कृति, सामाजिक मान्यता, आस्था, सामूहिक जीवन पद्दति, चरित्रवान, नैतिकवान, प्राकृतिक वातावरण, एकता, समानता, न्याय, समावेशी, मैत्री, सद्‌भाव, सहिष्णुता, आचरण, विश्ववन्धुत्व, द्वन्द्व व्यवस्थापन, लोकतन्त्र, मानवअधिकार, सम्मान र आदर्श । |

स्रोत :  रा.प्रा.प्रा २०६३

राष्ट्रिय पाठ्यक्रम प्रारुप २०६३मा बौद्धदर्शनसंग सम्वन्धित पक्षहरु मैत्री, सदभाव,नैतिकता र सहयोग रहेका छन । अन्य पश्चिमेली दर्शनका शान्तिशिक्षासंग सम्वन्धित रहेका छन ।

**तालिका नं. ६**

राष्ट्रिय पाठ्यक्रम प्रारुप  २०७६ को शान्तिसँग सम्बन्धित पक्षहरू

| आयोग | उद्देश्य | शान्तिसँग सम्बन्धित पक्षहरू |
|---|---|---|
| राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ | १२ | सामाजिक, आत्मिक, समानता, सामाजिक न्याय, आचरण, नागरिक अधिकार, मूल्य मान्यता, कर्तव्य, असल चरित्र, नैतिकता, स्व-अनुशासन, निष्पक्षता, सकारात्मक सोच, सहानुभूति, सदाचारिता, आत्मसंयम, धैर्यता, उत्तरदायित्वबोध, सेवाभाव, विश्वबन्धुत्व, समभाव, श्रद्धा र अनुशासन |

स्रोत : राष्ट्रिय पाठ्यक्रम प्रारुप  २०७६ को राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ मा बौद्धदर्शनका असल चरित्र, श्रद्धा, सेवाभाव, समभाव, अनुशासन, नैतिकता, सदाचारिता  र स्वःअनुशासन रहेका छन । अन्य पश्चिमेली दर्शनसंग सम्विन्धित छन ।

**तहगत उद्देश्यहरू र शान्तिशिक्षा सँग सम्बन्धित पक्षहरू**

प्रारम्भिक बाल शिक्षाका उद्देश्य र शान्तिशिक्षासँग सम्बन्धित पक्षहरू पूर्व प्राथमिक शिक्षा चार वर्ष पूरा नभएका बाल बालिकालाई शिशु विकास केन्द्रबाट शारीरिक, मानसिक तथा बौद्धिक शिक्षा दिन सकिने छ। चार वर्षमा उमेर पूरा भइसकेका बालबालिकालाई एक वर्षको पूर्व प्राथमिक शिक्षा प्रदान गरिने व्यवस्था गरिएको छ। पूर्व प्राथमिक शिक्षाका उद्देश्यहरू चार वटा राखिएका छन्।

पूर्व प्राथमिक शिक्षालाई २०६२ सालमा राखिएकोमा शिक्षा ऐन २०७३ ले प्रारम्भिक बालशिक्षा र ाखिएको छ । चारवटा उद्देश्य नै शान्तिशिक्षासँग सम्बन्धित रहेका छन् । सानैदेखि बालबालिकाको चौतर्फी विकास गर्नेमा जोड दिइएको छ । विषय गरी बालबालिकालाई शिक्षालाई सरसफाई शारीरिक, संवेगात्मक, मानसिक, भाषिक र सामाजिक भावनाको विकासमा जोड दिइएको छ।

आधारभूत तह (कक्षा १-८) उद्देश्य र शान्तिशिक्षा सम्बन्धी पक्षहरू

आधारभूत तह (कक्षा १-८) को शिक्षाले विद्यार्थी केन्द्रित शिक्षाको माध्यमद्वारा बालबालिकामा अन्तर्निहित प्रतिभाको विकास गराउनु पर्दछ। यसको मूल उद्देश्य राष्ट्र र लोकतन्त्रमा विश्वास गरी राष्ट्रियताको संरक्षण र सम्बर्द्धन गर्ने अधिकार र कर्तव्यको पालना सहित स्वतन्त्रताको सम्मान गर्ने, सामाजिक र प्राकृतिक वातावरणप्रति सचेत गर्नु, मानवीय मूल्य र मान्यता अनुकूल व्यवहार गर्ने र  कर्तव्यनिष्ठ नागरिक उत्पादन गर्नु हो। यस शिक्षा ग्रहण गरिसकेपछि बालबालिकाले आफ्ना विचारहरू आदान-प्रदान गर्न सक्षम, स्वावलम्वी, परिश्रमी, वैज्ञानिक सुझबुझ भएका स्वास्थ्यप्रति सचेत र नैतिकवान हुनेछन् भन्ने राखिएको छ। यसै तहका सक्षमताहरू ८ वटा रहेका छन्। (परिशिष्ट ६) शान्तिशिक्षासँग सम्बन्धित विशेष गरी ४ वटा रहेका छन्। जसमा प्रकृति र जीवन बीचको सम्बन्ध, स्वास्थ्य नैतिक सामाजिक व्यवहारको विकास, कला र संस्कृतिको संरक्षण तथा सम्बर्द्धन र व्यवहारिक जीवनमा आइपर्ने समस्याको समाधान गर्ने रहेका छन्।

आधारभूत तह उद्देश्यमा शान्तिशिक्षाका पक्षहरू खोजी गरिएको थियो। उक्त पाठ्यक्रमिक दस्तावेज अध्ययन गर्दा शान्ति स्पष्ट उद्देश्य रहेको छैन तर शान्तिशिक्षाको भाव रहेका छन्। प्रस्तुत शान्तिसँग सम्बन्धित पक्षहरूमा शिक्षकहरूको स्पष्ट शान्तिको उद्देश्य हुनुपर्ने धारणा रहेको थियो। पाठ्यक्रम विज्ञ बौद्धदर्शनको मूल्यसँग सम्बन्धित र युनेस्को शिक्षामा राखेको पिलरसँग सम्बन्धित उद्देश्य निर्माण गर्नुपर्ने भनाइ रहेको थियो। सन्दर्भ साहित्यमा उल्लेखित पाठ्यक्रमको गतिशिल नमूना शान्तिशिक्षाका सिद्धान्त र नमूनासँग उल्लेख गरेका शान्तिशिक्षासँग सम्बन्धित पक्षहरू यी पक्षसँग सम्बन्धित रहेका छन्।

**प्राथमिक शिक्षा (कक्षा १-३) को उद्देश्यहरूको शान्तिशिक्षा सम्बन्धित पक्षहरू**

प्राथमिक शिक्षा (१-३) को पाठ्यक्रममा प्राथमिक शिक्षाको उद्देश्यहरू रहेका छन् । (परिशिष्ट ७) चारवटा उद्देश्यहरू शान्तिशिक्षासँग सम्बन्धित रहेका छन् । राष्ट्र, राष्ट्रियता, लोकतान्त्रिक संस्कार, नैतिकता, अनुशासन, स्वावलम्वन, चारित्रिक, कला, सौन्दर्य, सिर्जनात्मक, जनजाति, धर्म, भाषा, संस्कृति, सद्भाव, समावेशी, मानवअधिकार, सामाजिक मूल्य, मान्यता र आचरण शान्तिसँग सम्बन्धित रहेका छन्।

शान्तिशिक्षा सम्बन्धित नेपाली, सामाजिक अध्ययन तथा सिर्जनात्मक कला, विज्ञान, स्वास्थ्य र  शारिरीक विषयहरु रहेका छन् । प्राथमिक शिक्षाका पाठ्यक्रममा ६ वटा विषय, नेपाली, अङ्ग्रेजी, गणित, सामाजिक अध्ययन तथा सिर्जनात्मक कला राखिएका छन् ।

**तालिका नं. ७**

आधारभूत तहको उद्देश्यमा शान्तिशिक्षा सम्बन्धी पक्षहरु

| तह | शान्तिसँग सम्बन्धित पक्षहरू |
|---|---|
| प्रारम्भिक बाल शिक्षाका उद्देश्य | सरसफाइ, शारीरिक संवेगात्मक, मानसिक, सामाजिक भावनाको विकास |
| आधारभूत तह कक्षा १–८ उद्देश्य | कर्तव्यको पालना, स्वतन्त्रता, सम्मान, मानवीय मूल्य, मान्यता, स्वालम्बी, परिश्रमी । |

स्रोत : आ .शि. पा.२०६९

प्रस्तुत पाठ्यक्रमको अध्ययन गर्दा प्रारम्भिक बाल विकासमा शान्ति सम्बन्धी र आधारभूत तहमा शान्तिशिक्षाका उद्देश्यको खोजी गर्दा उल्लेखित तालिकामा पक्षहरू रहेका छन् । उल्लेखित पक्षहरू सम्मान, मानवीय, मानवअधिकार, लोकतान्त्रिक संस्कार, आवरण र कर्तव्यपालना रहेका छन् ।

शान्तिशिक्षाका पक्षहरू नेपालको राष्ट्रिय शिक्षाका उद्देश्यमा, तहगत उद्देश्यमा, कक्षागत र विषयगत उद्देश्यमा खोजी गरिएको थियो, जसमा पाठ्यक्रमिक दस्तावेज अध्ययन गर्दा स्पष्ट शान्तिशिक्षा सम्बन्धित उद्देश्य रहेको छैन  तर शान्तिशिक्षाका सार भाव प्रतिविम्वत रहेका छन्, जसमा मानवीय मूल्य, सामाजिक न्याय, सामाजिकरण एकता, नैतिकता, मानवअधिकार, सेवाभाव, सद्भाव, द्वन्द्व व्यवस्थापन, सहिष्णुता, लोकतन्त्र समानता, समावेशी मैत्री, आत्मिक, स्वः अनुशासन, सदाचारिता, आत्मसंयम, धैर्यता र सम्मान पाठ्यक्रममा र पाठ्यपुस्तकमा रहेको  छन् ।

विद्यालयमा शान्तिशिक्षाको प्रयोगको अवधारणाको खोजी गरिएको थियो । आधारभूततहको नेपाली, सामाजिक अध्ययन, सिर्जनात्मककला, विज्ञान, स्वास्थ्य र शारीरिक, नैतिक विषयको पाठ्यपुस्तकमा शान्तिशिक्षाको विषयवस्तुको खोजी र विद्यार्थीहरूसँग लक्षित समूह छलफल र विषय विज्ञसँग गहन अन्तर्वार्ता गरी शान्तिशिक्षा सम्बन्धि धारणा संकलन गरिएको थियो । उल्लेखित पाठ्यपुस्तकमा शिष्टाचार, सामाजिक सद्भाव, आदर, शिष्ट व्यवहार, वातावरण रक्षा, समाजसेवजा, नम्रता, सत्कार, नियमको पालना, नागरिक चेतना, मानवअधिकार, विभेद अन्त्य, नागरिक कर्तव्य, लोक कल्याण, सम्मान, सहिष्णुता, गौतम बुद्ध, मित्रता, द्वन्द्व व्यवस्थापन, सामाजिक मेलमिलाप, लोभ, इर्ष्या नियन्त्रण, श्रद्धा, अनुशासन, पञ्चशिल, भाइचारा, सहअस्तित्व, मैत्री, सहनशिलता, असल व्यवहार, अहिंशा, क्षमता, प्रेम, वातावरण, संरक्षण, धैर्य, सकारात्मक सोच, सदाचार, परोपकार, प्रेरणा, स्वः व्यवस्थापन, विनयी र संयमी पक्षहरु रहेका छन् ।

**शान्तिशिक्षाको प्रावधान**

नेपालमा विद्यालय तहमा शान्तिशिक्षाको छुट्टै विषयको पाठ्यक्रम रहेको छैन । वर्तमान पाठ्यक्रममा कक्षा एक देखि आठ कक्षा सम्म आधारभूत तहमा सामाजिक अध्ययन र सृजनात्मक कला सामाजिक अध्ययन र जनसंख्या र नैतिक शिक्षामा विशेष गरी शान्तिशिक्षाका मूल्य मान्यता रहेका छन् । विज्ञान तथा वातावरणमा वाह्य शान्ति सँग सम्बन्धित पक्षहरू रहेका छन् । स्वास्थ्य र शारीरिक शिक्षामा योग र अभ्यासका पक्षहरू रहेका छन् । सामाजिक शिक्षामा सम्मान, श्रद्धा, माया, लोकतान्त्रिक मूल्य र मान्यता, आचरण, प्रेरणा, मानवअधिकार, बालअधिकार, कर्तव्य, शिष्टाचार, द्वन्द्व समाधान, सद्भाव, सहकार्य, समझदारी, विश्ववन्धुत्व, आदर, मेलमिलाप, सहयोग, सत्कार, संरक्षण, समावेशीकरण सहभागिता, सहिष्णुता एकता, संस्कार, परम्परा, परोपकारी, क्षमा, अभिवादन, धन्यवाद, कदर, लोककल्यान, मानवता, अनुशासन, सत्य, सम्मान, सौहार्दता, मित्रता, स्वःअनुशासन, स्वाभिमान, आत्मसम्मान, मैत्री, समानता, संयम, आज्ञाकारी, स्नेह, सकारात्मक र पवित्रता आदि पक्षहरू रहेका छन् । यी पक्षहरूले शान्तिसँग सम्बन्धित रहेका छन् ।

नैतिक शिक्षामा चरित्र, व्यवहार, धर्म, समन्वय, नियमको पालना, असल कार्य, अहिंसा, सदाचार, प्रेम, मित्रवत, व्यवहार, आध्यात्मिकता, स्वःव्यवस्थापन, माया, संस्कार, स्वस्थ चिन्तन, ध्यान, मित्रता, शिष्ट बोली, कर्तव्यपालना, संवेग व्यवस्थापन, क्रोध, घमण्ड प्रदर्शन नगर्ने, बौद्ध दर्शन, पञ्चशील, अष्टाङ्गिक मार्ग, संयम, धैर्य, आत्मविश्वास, सद्व्यवहार, प्रेम, स्नेह, जिम्मेवारी, आत्मिकता, विश्वास, अतिथि सत्कार, सदभाव, सहयोगको भावना, सामाजिक सुधार, सामाजिक दायित्व आज्ञापालनशील, पञ्चशील, मिलनसार, पवित्र समझदारी, सेवाभाव, कल्याण, मानवसेवा, परोपकार, सत्कर्म, उदार, श्रद्धा, विनम्रता, सहनशीलता, संयमी, धीर, प्रेरणा, सदाचार, मर्यादा, समर्पन, एकाग्र, ध्यान र योग पक्षहरू छन् ।

विज्ञान तथा वातावरण विषयमा वातावरण सरसफाई, बोटविरुवा संरक्षण, निद्रा, आराम, प्रदुषण र सचेतना पक्षहरू रहेका छन् । जुन शान्तिसँग सम्बन्धित रहेका छन् । नेपाली विषयमा शिष्ट, शिष्टाचार, नमस्कार, नमस्ते, मिलेर काम गर्ने, उपकारी, एकता, सकारात्मक सोच, असल भावना, समान व्यवहार, प्रेमभाव, सहयोगी, प्रेरणा, स्वाबलम्वी, धैर्य, मिठो बोली, शान्त, सहयोगी, समानता, मित्रता, प्राकृतिक वातावरणको संरक्षण, मातृत्व, सह अस्तित्व, मानवता, कर्तव्यपालन मैत्री, करुणा, क्षमा परोपकारी, शिष्ट र सभ्य आदि पक्षहरू नेपाली विषयमा रहेका छन् ।

बौद्ध शिक्षा अन्तर्गत पनि शान्तिशिक्षाको पाठ्यक्रम एवं विषयको छुट्टै व्यवस्थापन भएको पाइँदैन । शान्तिसँग सम्बन्धित विषयवस्तु परियति शिक्षामा पाइन्छ । परियति शिक्षा सुखमय, जीवन, आदर सम्मान, आशिर्वाद, सहयोग लोभी नबन्ने, स्वार्थी नबन्ने, धर्म, उपदेश, आदर, ज्ञान, प्रज्ञा, मैत्री, खुशी, सुरक्षा, मानवता, नैतिकताशील, पवित्र, एकाग्र, ध्यान, करुणा, मुदिना, संयमक, ऋषिपाद, आत्मविश्वास, स्वाबलम्वी, सत्कार, दया, प्रेम विनय, दान, धर्मापदेश, प्रार्थना, सुमार्ग चित्त, मन, समाधि, कर्तव्यबोध र जवाफदेहिता पक्षहरू रहेका छन् ।

## शान्तिशिक्षा सम्बन्धी बौद्धदर्शनको दृष्टिमा

बौद्ध दर्शनको दृष्टिकोण प्रज्ञा, शील र  समाधि बाट शान्तिको विकास हुन्छ । आफैले अनुभूति गर्ने शान्तिको अन्तस्करण बाटै विकास गराउनु पर्ने सबैमा शान्तिको विकास हुँदा समाजमा शान्तिको विकास हुन्छ । मैत्री, मुदिना, करुणा र उपेक्षाबाट शान्तिको विकास हुन्छ । पञ्चशीलको पालना गर्नाले शान्तिको विकास हुन्छ । आष्टाङ्गिक मार्गको अवलम्बन र चार आर्य सत्यलाई बुझ्दा शान्तिको विकास हुन्छ । शान्तिको विकास गर्दा ध्यान अति आवश्यक हुन्छ । व्यवस्थित रुपमा ध्यान गुरुबाट ध्यान केन्द्रमा विद्यार्थीको उमेर अनुसार गराउँदा शान्तिको विकास हुन्छ भनेर यस अध्ययनमा विश्लेषण गरिएको छ । 'ध्यान' बनाउदा ध्यान गुरुबाट मात्र बनाउनु पर्दछ, ध्यान केन्द्र व्यवस्थित हुनु पर्दछ ।

## निष्कर्ष

विद्यालय शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तकमा शान्तिपक्षहरू रहेका छन । तर व्यवस्थित रुपमा पाठ् यक्रमिक संरचना अनुसार रहेका छैनन् । विद्यार्थीहरूमा संस्कारको विकास गरेनन् । समाजले परिवारले अपेक्षा गरेको विद्यार्थीहरूमा शान्तिको अनुभूति भएन । बौद्धशिक्षाका मूल्यमान्यता शान्तिशिक्षासँग सम्बन्धित रहेका छन् तर ती सबै पाठ्यक्रममा पाठ्यपुस्तकमा समावेश गरिएको पाइएनन्। परियत्ति शिक्षामाशान्तिका विषयवस्तुहरू रहेका छन् । यो शिक्षामा संस्कार विकास गर्ने विषयवस्तु रहेका छन् । बौद्ध शिक्षाका महत्वपूर्ण शान्ति पक्षहरू विद्यालय शिक्षाको गोम्पा/विहार वाहेकका साधारण र संस्कृत विद्यालय शिक्षामा समेटिएका छैनन् । पश्चिमी शिक्षाका दर्शनहरूमा शान्तिका मूल्य मान्यताहरू रहेका छन् । यी मूल्य मान्यताहरू सामाजिक, नैतिक र नेपाली विषयमा केही रहेका छन् ।

बौद्धदर्शनका शान्तिका पक्षहरू, अभिभावक र समाजले अपेक्षा गरेका शान्तिका पक्षहरू  विद्यालयशिक्षामा व्यवस्थित गर्नु पर्दछ । यी पक्षहरु पाठ्यकममा व्यवस्था गर्दा विद्यार्थीहरूमा मानवताको विकास, आदर्श नागरिकको विकास, सभ्य समाजको विकास र विश्वबन्धुत्वको भावनाको विकास हुन्छ । यसर्थ विविधतामा एकताबद्ध, बहुसांस्कृतिकता, राष्ट्रिय एवं अन्तराष्ट्रियताका साझा मूल्य मान्यताको विकास गर्ने र  सामाजिक भावनाको विकास गराउने शान्तिशिक्षालाई लिइनु पर्दछ । यसको लागि शान्तिशिक्षाको विषयमा कोर विषय अन्तरगत रहेर बौद्धदर्शनका शान्तिका मूल्य मान्यता र सिद्धान्त समेट्नु पर्दछ । यस शिक्षामा ध्यान पक्षलाई अनिवार्य समावेश गर्नु पर्दछ । यस

शिक्षामा  बौद्ध शिक्षाका शान्तिका पक्षहरू समेटेर वर्तमान पाठ्यक्रममा सामाजिक, नैतिक, सिर्जनात्मक कला, विज्ञान, स्वास्थ्य, शारीरिक र परियत्ति शिक्षाका शान्तिका पक्षहरूबाट 'मानवता' विकास गराउने विषय विद्यालय तहमा राख्नु पर्ने र शिक्षाको राष्ट्रिय उद्देश्यमा स्पष्ट शान्तिशिक्षा सम्बन्धित उद्देश्य राख्नु पर्दछ ।

**सन्दर्भ-ग्रन्थसूची**

कोण्डव्य, भिक्षु अश्वघोषका छानिएका रचनाहरू, काठमाडौं : बुद्ध विहार, भृकुटी  मण्डप, २०१८ ।

कोण्डव्य,परियत्ति : प्रथम पवेश शिक्षा, काठमाडौं : नेपाल बौद्ध परियत्ति शिक्षा परिषद, २००३।

कोण्डव्य, परियत्ति द्वितीय प्रवेश शिक्षा, काठमाडौं : नेपाल बौद्ध परियत्ति शिक्षा परिषद, २००३ ।

थापा, शंकर,बौद्ध दर्शन परिचय, काठमाडौं: जजमेन्टल आइज ल एण्ड कम्पनी प्रा.लि, २००७).।

दाहाल, रोशन,गौतम बुद्ध जीवनी एवंदर्शन, काठमाडौं : पाँच पोखरी प्रकाशन गृह,२०१२ ।

नरसू, पी.लक्ष्मी,बौद्ध धम्मका स्वरुप, नई दिल्ली: सम्यक प्रकाशन,२०१

नेपाल सरकार,नेपालमा विद्यालय शिक्षाको लागि राष्ट्रिय पाठ्यक्रम प्रारुप, सानोठिमी :पाठ्यक्रम विकास केन्द, २००८

नेपाल सरकार, प्राथमिक शिक्षा पाठ्यक्रम कक्षा ३ शिक्षा, सानोठिमी : शिक्षा मन्त्रालय पाठ्यक्रम विकास केन्दं, २०६२ ।

नेपाल सरकार, प्राथमिक शिक्षा पाठ्यक्रम, सानोठिमी : पाठ्यक्रम विकास केन्द, २०६२।

नेपाल सरकार,आधारभूत शिक्षा पाठ्यक्रम कक्षा (६-८),  सानोठिमी : पाठ्यक्रम विकास केन्द्र, २०६५ ।

बज्राचार्य, दण्डबहादुर, दीर्घ निकाय, ललितपुर : वीर-पूर्ण पुस्तक संग्रहालय, १९९९

रावल, ललिजन (अनु.),गौतम बुद्ध र उनका उपदेशहरू, काठमाडौं : वी.एन. पुस्तकसंसार, २००९।

राजकर्णिकार, घनश्याम,बौद्ध तीर्थ यात्रा नालन्दादेखि लुम्बिनीसम्म । काठमाडौं : जनमत प्रकाशन, २००३ ।

राम, एल.वी. 'अनन्त',बौद्ध दर्शन और धर्म । नई दिल्ली : सम्मक प्रकाशन, २०१०।

शर्मा, गोपीनाथ,नेपालको शिक्षाको इतिहास, काठमाडौं: मकालु प्रकाशन, २०११।

सिंह, गोविन्द, बुद्ध विमर्श, नयाँ दिल्ली : सम्यक प्रकाशन, २०१

Chohen, Louis, Laurence Manion and Keith Morri Son, Research Methods in Educatioin, India Cambridge University press India Private Limited, 2013.

Der-lan Yeh, Theresa, The way to peace: A Buddhist perspective, International Journal of Peace studies,Volume II Number 1, 2006.

Dinn Wahyodin, Peace Education Curriculam in the Context of Education substainable development (ESD), 2018.

Hajir, Basma, Peace Education in Formal Schools, Caroline Books, 2020.

Harris Ian M., Mary Lee Morrison, Peace Education, 2nd edition London Mc-Farland, 2003.

Harris Ian M., Peace Education Theory, Opinion Papers, 2004.

Harris, Reardon. Peace Education in Banladesh the role of Peace, 1992.

Hendrickson, D. Safeguarding Peace: Cambodia's Constitutional Challenge, Conciliation Resources, 1998.

Juichiro Tanabe, Buddhism and Peace Theory: Exploring a Buddhist Inner Peace, InternationalJournal of Peace Studies, Volume 21, Number 2, 2

Der-lan Yeh, Theresa, The way to peace: A Buddhist perspective, International Journal of Peace studies,Volume II Number 1, 2

Juichiro Tanabe, Buddhism and Peace Theory: Exploring a Buddhist Inner Peace, InternationalJournal of Peace Studies, Volume 21, Number 2, 2016.

Melinda, Smith, Nepal : Lessons from Integrating Peace, human rights and civic education into social studies curricula and textbooks, 2015 .

Pandita U. Sayadaw, The Way to Happiness and Peace: Understanding The Basics of Insight

Meditation, Iward Path Publisher,
Sharma, Manan , Buddhism : Teaching of Buddha, Dimond Pocket Books. 2006 .
Sharma, Mannan,Buddhism : Teaching of Buddha. New Delhi: Diamond Pocet Books Pv.t.Ltd, 2002.
Sharma, Netra P., From Inner Peace to World Peace: Buddhist Meditation in Practice, 2020